# स्ववियुको एक वर्ष

## पृष्ठभुमी

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु), त्रिभुवन विश्वविद्यालयको ऐनमा व्यवस्था गरिएको विद्यार्थीहरूको साझा संस्था तथा विश्वविद्यालयको आधिकारीक एक अंग हो । विद्यार्थी हकहितको संरक्षण एवं सम्बद्धगर्दै विद्यार्थीको बौद्धिक, चारित्रिक तथा रचनात्मक सिप विकासका लागी विभिन्न क्रियाकलाप गर्ने लगायत पठन पाठनको वातावरण सिर्जना गर्दै विश्वविद्यालय क्याम्पसको संस्थागत विकासका लागी विद्यार्थीको प्रतिनिधीमूलक भूमिकाले स्ववियुको परीकल्पना व्यवस्था गरेको हो । करिब १५ वर्षसम्म स्ववियु निर्वाचन नहुँदा विद्यार्थी आन्दोलन, विद्यार्थीका सवालहरू ओझेलमा परीसकेका थिए भने विद्यार्थी राजनिति बदनामित हुदै गइरहेको थियो । गत २०७९ चैत्र ५ गते सम्पन्न स्ववियु निर्वाचनले पुनः विद्यार्थीहरूको मुद्धाहरूलाई सम्बोधन स्थापित गर्दै नेतृत्वविकासमा टेवा पुऱ्याएको छ । त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा सभापति श्यामराज ओझाको नेतृत्वमा २१ सदस्यीय समिति छ । लामो समयसम्म निर्वाचन हुन नसकेको, स्ववियुको कुनै रेकर्ड अफिस/फाईल नभएको विभागहरू र विभिन्न निकायहरूले स्ववियुको सहकार्य विर्सिसकेको कठीन परिस्थीतिमा निर्वाचित भएको एक वर्ष पुरा भएको छ । यस अवसरमा विद्यार्थी साथीहरू प्राध्यापक, कर्मचारी अभिभावक पत्रकार तथा आम शिक्षाप्रेमी सबै महानुभावहरूमा आजसम्मको रचनात्मक सहयोगका लागी धन्यवाद सहित हाम्रो एक वर्षको उपलब्धी तथा प्रयासहरू र अबका कार्यक्रमहरू बारे जानकारी गराउन चाहन्छौ ।

| **क्षेत्र** | **एक वर्षको उपलब्धीहरू**<br>**Targets Achieved** | **आगामी लक्ष्यहरू**<br>**Further Tragets** |
|---|---|---|
| **१. पुस्तकालय** | ➢ केन्द्रीय पुस्तकालय २४ घण्टा खुल्ला रहने - (अध्ययन कक्ष)<br>➢ शनिवार पनि विहान १० बजे देखी बेलुका ५ बजे सम्म खुल्ला रहने खानेपानी, शौचालय, बत्ति, नयाँ पुस्तकहरूको व्यवस्थापनको लागि पहल<br>➢ सबै विभागका पुस्तकालमा प्रयाप्त पुस्तकका लागि पहलकदमी | ➢ केन्द्रीय पुस्तकालय हप्तामा ७ दिन २४ घण्टा खुल्ला राख्ने,फर्निचर, सबै विभागका आवश्यक पुस्तकको प्रयाप्तताका लागी भुमिका खेल्ने, साथै आवश्यक अन्य सुविधाहरूको व्यवस्थापन गर्ने |

| | | |
|---|---|---|
| **२. होस्टेल** | ➢ छात्राबास (क)(घ) विल्डीङ्ग मर्मत संभार र रंगरोगन,बाउन्ड्री तारवार,रेगुलर सरसफाई लगायत कार्य भएको<br>➢ छात्रावासका लागी ८० जना थपिने गरी पुरानो सेवा आयोग भवन होष्टेल बन्दै<br>➢ गैर विद्यार्थी बस्ने कुराको अन्त्यका लागी Online form system को शुरूवात<br>➢ छात्र छात्रवासमा २०७२को भुकम्पले ग्रस्त क्यान्टीन पुनः निमार्ण भएको | ➢ विद्यार्थी भर्ना सँगै होस्टेल व्यस्थापन हुने गरी व्यवस्था गराउने,<br>➢ छलफल कमन कक्षको व्यवस्थापन होस्टेल भित्रै गराउने<br>➢ होस्टेल भवनहरू थप निर्माण गराउनको लागि पहलकदमी गराउने<br>➢ छात्र छात्रावासको परिसरलाई पक्की कम्पाउन्डीङ गराउने |
| **३. सामाजिक कार्य** | ➢ मिति २०८० कार्तिक १७ गते जाजरकोटको लामिडाँडा केन्द्रबिन्दू बनाई ६. ४ रेक्टर स्केलको भुकम्पले प्रभावित जाजरकोट र पश्चिम रूकमका विभिन्न क्षेत्रमा स्ववियु कोषबाट ३ लाख बरावरको राहत सामग्री स्ववियु प्रतिनिधिहरूको प्रत्यक्ष उपस्थितिमा वितरण गरिएको | ➢ त्रि.वि. परिसर भित्र Total Garbage management system develop गर्ने |
| **४.खेलकुद** | ➢ त्रि.वि. केन्द्रीय क्याम्पसका विद्यार्थीहरूका लागि त्रि.वि अन्तराष्ट्रिय रंगशालामा ५० % छुट लागु गरिएको<br>➢ अन्तर्गतविभागीय तथा अर्न्तर क्याम्पस स्तरिय विभिन्न खेलहरूमा विद्यार्थीहरूको | ➢ विश्वविद्यालय क्याम्पसमा अध्ययन गर्ने राष्ट्रिय खेलाडीहरूलाई ५० % Attendance मा परिक्षा दिन पाउने व्यवस्था गर्ने<br>➢ T.U. Festival and sport week गर्ने |

| | | |
|---|---|---|
| | सहभागितामा लागि सहयोग एवं समन्वय गरिएको | |
| **४. क्याफेटेरिया** | ➢ नयाँ क्यान्टीन एकवर्ष भित्र सुचारू गर्नेगरी आवश्यक पहल गरी, संरचना बनाउने प्रक्रीया अगाडी बढाइएको | ➢ विश्वविद्यालय क्याम्पस भित्रका क्याफेटेरिया, क्यान्टीनहरूमा गुणस्तर, समान रेट कायम गर्ने गरी आवश्यक कार्य गर्ने |
| **५.स्वास्थ्य तथा वातावरण** | ➢ शिक्षण अस्पतालमा विश्वविद्यालयका क्याम्पसका विद्यार्थीहरूले पाउने ९०% छुट सुविद्या लिन QR ID card प्रयोग गरी सुविद्या लिन सकिने गरी सम्बन्धित पक्ष सँग छलफल गरिएको ।<br>➢ घडिभवन परिसरलाई थप आकर्षक गराउनका लागी आवश्यक पहल गरिएको<br>➢ विभिन्न संस्थाहरूको सहयोगमा तथा सहकार्यमा केहि विभागहरूको Maintaince लगायतका कामहरू गरिएको<br>➢ विश्वविद्यालय क्याम्पस भित्र डेन्टल शिविर सञ्चालन , सरसफाई अभियान, सार्वजनिक शौचालय (बिकी | ➢ शिक्षण अस्पतालमा विश्वविद्यालयका क्याम्पसका विद्यार्थीहरूले पाउने ९०% छुट सुविद्या लिन QR ID card प्रयोग गरी सुविद्या लिन सक्ने बनाउने<br>➢ त्रि.वि स्वास्थ्य केन्द्र कीर्तिपुरमा ECG, x-ray गराउने |

| | | |
|---|---|---|
| | भण्डार अगाडिको) निर्माण तथा व्यवस्थापनका लागि कार्य गरिएको<br>➢ सबै विभागमा निशुल्क सेनिटरी प्याडको व्यवस्था गरिएको | |
| **५. खानेपानी** | ➢ सबै विभागमा तातो चिसो पानिको व्यवस्था गरिएको<br>➢ घडिभवन अगाडि water ATM सुचारू गरिएको<br>➢ त्रि.वि. भरी निशुल्क पानी व्यवस्थाको लागि काठमाडौं उपत्यका खानेपानि व्यवस्थापन बोर्ड सँग आवश्यक दबाब सिर्जना गरि सम्झौता गरिएको | |
| **७.सुरक्षा** | ➢ त्रि.वि परिसर भरी CCTV क्यामेरा जडान गरिएको<br>➢ सुरक्षा गार्डको संख्यामा थप वृद्धि गरिएको<br>➢ त्रि.वि. परिसरमा आवश्यक लाइटहरूको व्यवस्थापन कार्यको थालनी भएको | |
| **८. सम्पत्ति संरक्षण** | ➢ विश्वविद्यालयको २४ रोपनी जग्गामा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले विना सम्झौता प्रयोग गर्दै आएकोमा निश्चित समयावधि तोकि, विश्वविद्यालयलाइ दैनिक ३ लाख लिटर निशुल्क पानि उपलब्ध गराउने सम्झौता गरिएको छ । | ➢ त्रि. वि. पुर्ण कम्पाउण्डीङको लागि पहल गर्ने ल्याबरेटरी मावि ले प्रयोग गरिहेको ११३ रापनी, राधास्वामी सत्संघ ले प्रयोग गरिहेको १५ रोपनी, गणतन्त्र स्मारक ले प्रयोग गरिहेको ६० रोपनी, बि.पी. प्लानेटोरियम ले प्रयोग गरिहेको १५० रोपनी, |

| | | |
|---|---|---|
| | ➢ काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले विश्वविद्यालयलाई बार्षिक ६ लाख रूपैयाँ मर्मत संभार खर्च दिने सहमति गरिएको<br>➢ बागमति किनारको काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले प्रयोग गर्दै आईरहेको जग्गा ३ वर्ष भित्र फिर्ता गर्ने सहमति, गरीएको<br>➢ विश्वविद्यालयको गाडी दुरूपयोग रोक्न सबै सवारी साधनमा अनिवार्य रुपमा त्रि वि अंकित स्टिकर टाँसिएको | आर्युवेद अनुसन्धान केन्द्रले प्रयोग गरिहेको ३० रोपनी, बागवानी केन्द्रले प्रयोग २८१ रोपनी, आँखा अस्पतालले प्रयोग गरिहेको १० रोपनी, लायन्स क्लब, बल्खुस्थित टाटा सुमोको पाकिङले प्रयोग गरिहेको त्रिवि को जग्गा भोगचलन गरिरहेको साथै अतिक्रमण समेत भएको हुनाले यसलाई रोकी आफ्नो स्वामत्विमा ल्याउन आवश्यक पहलकदमी गरिने छ । |
| **९. स्ववियु भवन** | ➢ हाल विश्वविद्यालयमा विद्यार्थीका लागी स्ववियु भवन नभएकोमा स्ववियुले आफ्नो पहिलो बैठकबाट भवन निर्माण गर्ने निर्णय गरे बमोजिम भवन निर्माणका लागी डि.पि.आर तयार गरि बोलपत्र आह्वान गरिएको छ । | |
| **१०. अतिरिक्त क्रियाकलापः** | ➢ भानुजयन्तीको अवसरमा खुल्ला कविता बाचन प्रतियोगिता सम्पन्न गरिएको<br>➢ हरितालिका तिज बिशेष मौलिक तिज गीत प्रतियोगिता सम्पन्न गरिएको<br>➢ त्रि. वि ले आयोजना गरेको उपकुलपति कप खेलकुद प्रतियोगीतामा सहभागिता तथा समन्वय गरेको | T.U. Festival आयोजना गरिने छ । |

| | | |
|---|---|---|
| **११.Digitalization** | ➢ पनिकाको अनलाइन सिस्टम सुरूवात गरिएको छ ।<br>➢ विभागबाट विद्यार्थीहरूले प्राप्त गर्ने छात्रवृत्तिको सूची विभागीय Website / पेजमा प्रकाशन शुरू गरिएको छ । | ➢ पनिका ८ महिना भित्र पुर्ण रूपमा स्वचालित गरिने छ । |
| **१२. क्यालेण्डर** | ➢ सबै डिनकार्यालयहरूले आफ्नो शैक्षिक क्यालेण्डर प्रकाशन/कार्यान्वयन गराउन आवश्यक पहल गरिएको छ । | ➢ विश्वविद्यालयको शैक्षिक क्यालेण्डर लाई पुर्ण कार्यान्वयन गराउने । |
| **१३. उपकुलपति नियुक्तिमा आशिक उपलब्धि** | ➢ उपकुलपति नियुक्ति सम्बन्धमा विभिन्न दबाब, छलफल अन्तक्रियाद्वारा कम्तीमा सार्वजनीक आह्वान सम्मको पद्धती सुरू गरिएको छ । | ➢ विश्वविद्यालयको नेतृत्व स्थापनाका लागि प्राशनिक र प्राज्ञिक क्षमताको आधारका पदाधिकारी, डिन, विभागिय प्रमुख, क्याम्पस प्रमुख नियुक्तिको लागि पहल गरिनेछ । |
| **१४. Thesis/ Plagiarism** | ➢ विद्यार्थीले आफ्नै विभागमा Thesis मा Plagiarism चेक गर्ने व्यवस्था २ पटक सम्म निशुल्क गरिएको छ । | |

**<u>अन्य आगामी योजनाहरू</u>**

१) प्राध्यापक- विद्यार्थी अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्नका लागी

Teacher of the Year

Creative Student of the Year

Researcher of the Year जस्ता पुरस्कारले सम्मान गर्नेछौ ।

२) ' Advisory Board of FSU, TU ' एउटा loose Forum निर्माण गरी सुझाव लिने ।

३) अन्तरविभाग तथा अन्तर-विश्वविद्यालयमा Teacher Student Exchange Programme का साथै Credit – Transfer का लागि नितिगत निर्णय गराउन पहल गर्नेछौं ।

४) Schoolarship funds Generate गर्न corporate house सँग सहकार्य गरी धेरै विद्यार्थीहरूलाई Schoolarship दिलाउन पहल गर्नेछौं ।

६) छुट्टै बहस डबली " चिन्तन चौतारी" निमार्ण गरी नियमित बहस कार्यक्रम आयोजना गर्नेछौं ।

७) CINAS, RECAST, CEDA, CRID लाई पूर्ण अनुसन्धानमुखी बनाउने

८)त्रि.वि.केन्द्रीय क्याम्पस पढ्ने कम्तीमा १० जना विद्यार्थीहरूलाई Mini Research का लागि Funding गर्नेछौं ।

९) विश्वविद्यायलले संचालन गर्दै आएका Private Program हरूलाई केन्द्रीय विभाग अर्न्तगत नियमित बनाउन नीतिगत निर्णयका लागी पहल गर्नेछौं ।

१०) स्ववियुको आफ्नै Academic Research Journal प्रकाशन गर्नेछौं ।

११) त्रि.वि. सेवा आयोग लाई चुस्त दुरूस्त गराउनको लागि दबाब सिर्जना गर्नेछौं ।

१२) विश्वविद्यालय क्याम्पस किर्तिपुरलाई Center of Excellence बनाउनका लागि रचनात्मक भुमिका खेल्नेछौं ।

**धन्यवाद ।**

**स्वतन्त्र विद्यार्थी युनियन**
**विश्वविद्यालय क्याम्पस त्रि.वि. कीर्तिपुर**